# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/१२/१०

तेस्रो अधिवेसन

(१४औं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

तेस्रो अधिवेशनको १४औं बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

**३. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्नका लागि विशेष समय माग भई आएकोले उक्त सयम निर्धारर्ण गरेको छु । विशेष समयमा बोल्नु हुने प्रत्येक माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।

सर्वप्रथम माननीय कर्ण बहादुर मल्ललाई समय दिन्छु ।

**माननीय कर्ण बहादुर मल्ल**

सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको आस्थाको थलो हो यो संसद र यसै संसदबाट सरकारको निर्माण भएको हो । सरकार निर्माण भएको पनि झण्डै झण्डै १ वर्ष वितिसकेको अवस्थामा हामी उभिराखेका छौं । १ वर्ष वितिसक्दा पनि सुदूरपश्चिम प्रदेशको सरकारले सुदुरपश्चिम बासीका लागि के उपलब्धीमुलक काम गर्न सक्यो र कति गर्ने तयारीमा छ भन्ने कुराहरु पनि अनिर्णयको अवस्थामा रहेको छ । भ्रष्टाचार व्यापक रुपमा बढ्दो छ, सुशासन सबैभन्दा सुशासन कम हुने प्रदेशका नागरिकका रुपमा हामी आज नेपालमा मात्र होइन संसारका सामु चिनिने सौभाग्य पाएका छौं । यस सौभाग्यका बिच सरकारले यो प्रदेश सरकारलाई हामीले पटक पटक यो संसदका हरेक सांसदले कर लगाउदै गर्दाखेरी कर यहाँका सुदूरपश्चिम बासीको आयस्तर हेरेर व्यक्तिगत जुन हामी सुदूरपश्चिमबासी छौं आत्मिक कृयाकलापमा हामी कसरी जोडिएका छौं त्यो चिजलाई मध्यनजर गरेर कर निर्धारण गरौं भनेर हामीले यो सभामा पटक पटक आग्रह गरेका थियौ । तत पश्चात पनि करको दायरा तोकियो । आज कर तिर्ने होइन करदेखी हरेक नागरिक तर्सिने अवस्थामा परेको छ । त्यो कारणले यो सरकारले भर्खरै मात्र त्यसका बावजुत पनि यो सुदूरपश्चिमबासीको विकास समृद्धि र उत्थानको नाममा संघीय सरकारबाट आएको बजेटमा हाम्रो सुन्नमा आएको झन्नैझन्नै ३ करोड रुपैया मुख्यमन्त्री कपका नाममा खर्च भएको ५ भनेर सुन्नमा आएको त्यो कारण विनम्रता पूर्वक हामी सरकारलाई के आग्रह गर्न चाहान्छु भने

मुख्यमन्त्री कपका नाममा जुन खेलकुद सम्पन्न भएको छ खेलकुद यूवाहरुलाई उर्जुशिल बनाउन युवाहरुलाई सकारात्मक सोचसँग डोर्याउन र जोड्नका लागि संसार मै असाध्यै राम्रो चलन हो प्रचलन हो संसारका धेरै देशहरु खेलकुदको विकासमा नै संसारका धेरै देशको अर्थतन्त्र बाँचेको छ । यो परिवेशमा हाम्रो प्रदेशमा खेलकुद हुन असाध्यै राम्रो हो त्यसका बावजुद पनि ३ करोड रुपैया झन्डझन्डै खर्च भए पश्चात सुदूरपश्चिमांचलका खेलकुद प्रेमीहरु युवा विद्यार्थीहरुलाई कसरी जोड्न सफल भयो । कति खेलकुद खेलाडीहरु उत्पादन भए र त्यस्को खर्च विवरण सरकारले यो गरिमामय सदन अगाडी सदनलाई जानकारी गराउनु पर्छ भन्ने माग गर्न चाहान्छु । यो गर्दै गर्दा खेरी यो सरकारले हामीले पहिले पनि भनेका थियौं यातायात व्यवसायीलाइ सिन्डिकेटका नाममा एउटा ठुलो डन्डा बजायो । यउटाआस पनि थियो त्रास पनि थियो यो सदनमा त्यतिखेर पनि हामीले भनेका थियौ यो अपरिपक्क निर्णय त हुँदैन व्यवसायलाई करको दायरामा ल्याउनु राज्यको कर्तव्य हो र उसको दायित्व पनि हो । हरेक नागरिक र योग्य व्यवसायीले राज्यले तोकेको करको दायराभित्र उभ्याउनु र कर तिर्नु यसको पनि कर्तव्य र दायित्व भित्र पर्दछ तर आज झन्ड झन्डै १० महिना हुँदा पनि यातायातमा लागेको सिन्डिकेटको कुनै पनि उपलब्धी नआएको । यातायात व्यवासयी पनि नेपाली नागरिक नै हुन र यातायात व्यवसायी अत्रतत्र भएको र ती सार्वजनिक यातायातमा यात्रा गर्ने जनतालाई पनि धेरै ठुलो दुखको भार बोक्नुपरेको छ । त्यस्तै गरिकन निर्माण व्यवसाय यो देशमा निर्माण व्यवसायका विरुद्धमा सरकार उभियो जनता लालायित भएका थिए । ठेकापट्टा गर्ने जुन निर्माण व्यवसायी थिए तेलाई एउटा सही मार्गमा लिएर समायमानै निर्माण व्यवसायीले सरकारसँग गरेको सम्झौता कार्यान्वयन गर्न अब निर्माण व्यवसायीसँग लाग्नेछन् भनेर जना आस्वस्त भएका थिए हामी पनि आस्वस्त भएका थियौं तर दुई जना मात्र निर्माण व्यवसायी रैछन् यो मुलुकमा एउटा कालिका कन्स्ट्रक्सन र पप्पु कन्स्ट्रक्सन ती बाहेक अरुले अनियमितता गरेको रहेछ या ति अरुतिर सरकारतिर ध्यान नगएको हो यतातिर म ध्यान आक्रषण गर्न चाहान्छु । यसैगरीकन यातायात व्यवसाय जस्तरी आतंकित गर्यो निर्माण व्यवसायी जसरी आतंकित गर्यो वैदेशिक रोजगार व्यवायी जसरी आतंकित गर्यो त्यसैगरी कन यो प्रदेशमा झन्नझन्नै साडै २६ सय राष्ट्रसेवक कर्मचारीहरु छन् वाहाहरुको समायोजना मात्र २१ जनाको भएको छ । २६ सय जना समायोजन हुन बाँकी छ त्यो २१ जनाको आधारमा हुनाखेरी पनि यो राजनीतिक आस्थाका आधारमा जुन समायोजन गर्ने प्रदेश सरकारले प्रकृया अगाडी बढाएको छ यो यथाशिघ्र रोकिनु पर्दछ र यो राष्ट्रसेवक कर्मचारीहरुको पदस्थापन गर्ने प्रकृया यो ज्यष्ठताका आधारमा जुन कर्मचारी नियमावलीको २०७५ ले निर्देश गरेको छ त्यसै अनुसारले सरकारले गरोस भन्ने जोरदार माग राख्दै आफ्नो भनाई स्थगन गर्छु धन्यवाद ।

**माननीय पूर्णा जोशी,**

माननीय सभामुख महोदय आर्थिक वर्ष २०७५/०७६ को प्रदेश सरकारको नीति तथा कार्यक्रममा हामीले विशेष गरिकन महिला प्रदेश सभा सदस्यज्यूहरुले प्रदेशका नीति तथा कार्यक्रम प्रदेशको बजेटमा महिलाहरुका सवालहरु specially छुट्टै राख्नु पर्छ र त्यो बजेटको पनि व्यवस्थापन गर्नुपर्छ भनेर मेरै

संयोजकत्वमा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले एउटा समिति गठन गर्नुभएको थियो र त्यो समितिले एउटा प्रदेशको युवा स्वरोजगार र त्यसमा महिलाहरुको लागि छुट्टै एउटा क्याम्पियन द्धवारिका देवी ठकुरानी महिला ससक्तिकरण कार्यक्रममा हामीले समावेश गरेका थियौं । प्रदेश सरकारले १ करोड ८५ लाख त्यसमा बजेट व्यवस्था गरेको थियो । त्यसको मक्सद थियो महिला प्रदेश सभा सदस्यहरु विशेष गरीकन निर्वाचित महिला प्रदेश भित्रका जननिर्वाचित महिलाहरुले महिलाहरुका बिचमा गएर महिलाहरुलाई आत्मनिर्भर बनाउने महिलाहरुलाई सशक्त बनाउने र बढ्दो हिंसाका कामहरु रोक्ने अर्थतन्त्रमा महिलाहरुको भूमिकालाई प्रयाप्त रुपमा ठाउ दिने किसिमको व्यवस्था गर्नका लागि त्यो ल्याएका थियौं । दुख लागेको छ प्रदेशको सामाजिक विकास मन्त्रालयले यस सम्बन्धी कार्यविधि बनायो र एनजिओलाई हायर गरेर त्यो कार्यक्रम जनताका बिचमा लैजाने किसिमको निधो गरेको छ । यसमा म प्रदेश सभाको सदस्य विशेष गरीकन नीति तथा कार्यक्रममा यो सवाललाई समावेश गराउने सदस्यको हैसियतले मलाई असाध्यै धेरै यसमा चित्त दुखेको छ हाम्रो मात्रै चित्त देखेको होइन प्रदेशसभामा यो भित्र रहेका ८८ वटा स्थानीय तहमा जननिर्वाचित प्रतिनिधि महिलाहरु हुनुहुन्छ जिल्ला समन्वय समितिका उपसंयोजक महिला साथिहरु हुनुहुन्छ जिल्ला समितिमा सदस्यहरु हुनुहुन्छ वाहाहरुलाई भूमिका दिनको लागि यो किसिमको व्यवस्था गरिएको थियो । महिलाहरु राजनीतिमा आएर के गर्छन त भनेर भन्ने किसिमको जवाफ दिनको लागि यो एउटा Program ल्याइएको थियो Campion ल्याइएको थियो र ५ वर्ष भित्रै प्रदेशमा महिलाहरुलाई यसरी सशक्त बनाउनको लागि ल्याइएको परिकल्पना अहिले एनजिओ मार्फत जानुपर्ने परिस्थिति किन आयो यसको जवाफ सम्बन्धित मन्त्रालयबाट मन्त्रिज्यूले दिनुपर्छ भन्ने कुरा म राख्न चाहान्छु । अर्को कुरा सेती अंचल hospital मा निरन्तर रुपमा गत वैशाख २९ गतेदेखी हालसम्म महिलाहरु सुत्केरी अवस्थामा सुत्केरी हुन नसकेर भैसकेपछाडी निरन्तर रुपमा मरिरहेका छन् । अस्ती मात्रै एउटा यो जुगेडाको १ जना २२ वर्षीय महिला किशोर बिष्ट भएको छ । अब प्रदेशको सामाजिक विकास मन्त्रालयको राजधानीको छेउमा प्रदेशको Hospital छ जसलाई हामीले प्रदेशस्तरको Hospital बनाउने भनेर परिकल्पना गरेका छौं त्यो ठाउँमा डाक्टरको लापरवाहीले हो व्यवस्थापनको अभावले हो अथवा उपकरणको अभावले हो अथवा कसको लापरवाहीले गर्दा खेरी महिलाहरु मरिरहेका छन् । त्यसको जवाफ पनि सदनमा सामाजिक विकास मन्त्रीज्यूले दिनुपर्छ अथवा मुख्यमन्त्रीज्यूले दिनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । त्यस्तै गरिकन प्रदेशमा खाद्य डिपो निर्माण गर्ने भनेर प्रदेशको नीति तथा कार्यक्रम र बजेटमा आयोको छ । एउटा बाली भित्र्याए किसानहरुले त्यो सम्बन्धित ठेकेदारले त्यसको किनवेच गरे यहाँका अभावमा परेका मान्छेहरु बजारबाट किनिरहेका छन् त्यो पारिबाट आएको हो अथवा यो प्रदेशमा उत्पादित खाद्य बस्तु हो थाहा छैन । अझै वहुवाली भित्र्याउने किसिमको अवस्था आइसक्या छ । प्रदेशको डिपोवाली किन बन्दैन के कारणले गर्दा खेरी यो अहिलेसम्म ढिलाई भएको छ । अहिलेको बालीमा भएका अतिरिक्त उत्पादनहरुलाई त्यहाँ भित्र थन्काएर अभावमा परेका जनताहरुलाई आवश्यक पर्दाखेरी वितरण गर्ने यसको मकसद हुनुपर्थ्यो । यसो हुन सकेको छैन । त्यसतै गरिकन ८८ वटा स्थानीय तहमा खाद्य

डिपो निर्माण गर्ने भनेर प्रदेशको बजेटमा व्यवस्था गरिएको छ । त्यो पनि अहिलेसम्म हुनसकेको छैन । सहकारी मार्फत सुफत मुल्यका पसल निर्माण पनि हुन सकेको छैन । त्यसतै गरिकन गम्भिर सरोकारको सवाल लगानी सम्मेलन यो राष्ट्रमा लगानी सम्मेलन आयोजना हुँदैछ । सम्भवता १ हप्ता पछाडी लगानी सम्मेलन काठमडौंमा रआयोजना हुँदैछ । यो प्रदेशमा लगानी गर्न आवश्यक क्षेत्रहरु कुन कुन हुन । लगानीको लागि त्यो लगानी कति लगानी गर्नुपर्ने हो कुन क्षेत्रमा लगानी गर्नु पर्ने हो र यो प्रदेश सरकारले कति बजेट माग गर्ने हो त्यसको विस्तृत छलफल यो प्रदेशमा सायद हुन सकेको छैन । वपन छलफलको लागि प्रदेश सरकार तत्पर हुनुपर्छ र त्यसका निचोडहरुलाई निकालेर एउटा सशक्त रुपमा प्रदेश नं. ७ सुदूरपश्चिम प्रदेशको तर्फबाट केन्द्र सरकारसँग दाबी गर्नुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । त्यसतैगरिकन यो प्रदेशका पहाडी जिल्लाहरुमा प्रदेश निर्वाचन क्षेत्रलाई लक्षित गरेर १/१ वटा एम्बुलेन्स खरिद गर्ने भन्ने कुराहरु भएको थियो । कतिपय बिरामीहरु अहिले पनि सम्बन्धित Hospital सम्म रिफर गरिएका Hospital सम्म पनि पुग्न नपाइकन मृत्यु हुनुपरेको अवस्था छ । सबै स्वास्थ्य चौकीहरुमा एम्बुलेन्सको व्यवस्था छैन । प्रदेश सरकारले खरिद गर्ने प्रकृया काँ पुगेको छ । त्यो पनि म सुन्छु । अत्यन्त Special खालका एम्बुलेन्सहरु खरिद गर्ने भनेर त्यो पनि हामीले सुनेका थियौं । त्यसको खरिद गर्ने प्रकृया का पुगेको छ । सम्बन्धित निर्वाचन क्षेत्रलाई अहिले संघीय निर्वाचन क्षेत्रमा इन्गित गरेर तेतापट्टी फोकस गरिएको छ भन्ने कुराहरु म सुन्छु । त्यसकारणले गर्दाखेरी यसको यथेष्ट जवाफ त्यो हामीलाई जवाफ मात्र दिरहनु पर्दैन । कमसेकम जनतालाई सन्तुष्ट पार्ने ढंगले यो सरकार हामी साथमा छौं । हामी सत्ता पक्षले मात्र होइन प्रतिपक्षले बारम्बार भनेको छ । मैले प्रतिपक्षलाई पनि अनुरोध गर्न चाहान्छु । विरोधका लागि विरोध मात्रै नभइकन सृजनाको निमित्त विरोध गरिदिनुस र यो प्रदेश हेपिएको प्रदेश यो प्रदेश एक ढिक्का भइकन यो प्रदेशमा जति सरकारले बजेट विनियोजन गर्न सकेको छ त्यसलाई सही समयमा सही ठाउँमा कार्यान्वयन गर्नको लागि म निवेदन गर्न चाहान्छु र योजनाको डुप्लिकेसनको सम्बन्धमा बारम्बार मिडियाले उठाएको सवालमा सरकारले यसमा पनि सवाफ दिनु पर्छ र यसो हुन दिनु हुँदैन भन्ने कुराहरु राख्दै विदा हुन चाहान्छु धन्यवाद ।

**माननीय डिल्लीराज पन्त**

सभामुख महोदय, यो मन्च जनसरोकारका विषय भन्ने सुन्ने र समाधान गर्ने मन्च हो र यहाँ विशेष समय लिएर होस अथवा सुन्य समय लिएर होस जनसरोकारका विषयहरु यहाँ उठाइने गर्छन र तत् सम्बन्धमा सदनलाई मात्र होइन सरकारलाई पनि ती जनसरोकारका विषयमा सरकारले के कस्तो कार्य गर्दैछ भनेर सोध्ने ठाउ पनि यहाँ अहिलेसम्म जतिपनि हाम्रा वैठकहरु बसे ति सप्पै वैठकमा यस्ता जनसरोकारका कुराहरु धेरै उठे अहिले पनि उठे अब पनि उठलान । तर जवाफ दिनुपर्ने कोले हामीले कुरा त उठाइराखेका छौं जनसरोकारका कुराहरु तर त्यसको जवाफ कोले दिने हामीले खाली भन्ने मात्र हो यहाँ खाली सुनाउने मात्र हो या टाइम पास गर्न आएका हौं । हाम्रो समाधान कोले गरिराखेको छ भन्ने

कुराहरु हामीले अहिले समाधान पाएका छैनौं । अब हामीले भन्ने यहाँ जनसरोकारका कुराहरु हुन् । त्यसको जवाफ कहाँ पाइने कुन सरकारबाट पाइने कुन मन्त्रीबाट पाइने किन नपाइएको पहिला त त्यसको हामीलाई जवाफ चाहियो । हामीले खाली सुन्ने मात्र सरकारले सुन्ने मात्र गर्ने केही होइन भनेपछि यो सरकारको आवश्यकता छैन । यो सदनको पनि आवश्यकता छैन र यी जम्मै कुराहरुका सम्बन्धमा फेरी सोध्नु पर्ने कुरा आउछ । हाम्रो २०७४/०७५ को बजेट तेतिकै कोल्याप्स गएको थियो । यो चैत्र सिदिन आट्यो अब १०/१५ दिन मात्र बाँकी छ । २ महिना मात्रै हाम्रा योजनालाई छन् । असार महिनामा हामीले योजना फच्यौट गर्नुपर्ने हुन्छ । हाम्रा ठुलठुला योजनाहरु १० लाख १५ लाखका योजनाहरु हामी फच्यौट गर्ने स्थितिमा छैनौं । जुन ठुलठुला योजनाहरु जो सरकारका योजनाहरु छन् आर्थिक वर्ष २०७५/०७६ का ति कसरी हुनेछ र त्यो प्रदेश पूर्वाधारका कार्यक्रमहरु कसरी फच्यौट हुन्छ यदि फच्यौंट हुन सकेन समयमा काम हुन सकेन भने प्रदेश पूर्वाधार कार्यक्रम लागु गर्ने प्रदेश सभा र संगसँगै सरकार दुइटै जनताको नजरमा झरेर जानेछन् भन्ने हामीलाई लागेको छ । त्यसकारण चाहे सरकारको कार्यक्रम होस योजनाको कार्यक्रम होस या प्रदेश पूर्वाधारका कार्यक्रमहरु हुन् । यीनिहरुलाई चाँडो भन्दा चाँडो गति दिन म सरकारलाई आग्रह गर्दछु र त्यो भन्दा पनि म माननीय मन्त्रीज्यूहरुको मा पनि गएको थिएँ एक चोटी कुरा गर्नको लागि यो हसनपुर खुटिया सडकको १० करोड रुपैया मैले मागेको खाली ६५ लाख मात्र मैले पाएँ । त्यो ६५ लाख कार्यान्वयन हुन सक्या छैन । अहिले माननीय मन्त्रीज्यूहरुलाई भौतिक योजना मन्त्री र अर्थ मन्त्रीज्यूलाई दुइटैलाई म भेट्न गाथे । वाहाहरुले यसको हामीले डिपिआर गरेका छौं अब तत्काल शुरु हुन्छ भन्ने कुरा गर्नु भाथ्यो । साडे दश करोड रुपैया योजनाको लागि खर्च गर्नुपर्ने थियो । मलाई बारम्बार ति क्षेत्रबाट खबरहरु आउछ कि के भैराछ । कस्तो भैराछ भनेर मै सम्बन्धित कुराहरु सम्बन्धित मन्त्रिबाट म यो सदन र जनताले जवाफ पाउनुपर्ने हुन्छ र यसको संगसंगै ६ लेन सडकको कुराहरु छन् । गतवर्ष जुन स्पिडले यो सडक गएको थियो त्यै स्पिड अहिले यले समात्न सक्या छैन । त्यो सडक किन आफु स्पिडमा गैराछैन । हामी प्रदेश सरकारले यसमा के कस्तो सहयोग हुन सक्छ । हामीले त्यसको लागि के कस्ता पहल गरेका छौं । यहा पहिला पनि कुरा उठेका थिए । माननीय मन्त्रिज्यूबाट कुरा उठेको थियो । कोही बिजुली पोल सार्दा खेरी घरको नजिकै गएर ती नाङ्गा तारहरु छोएर Accident हुने दुर्घटना हुने सम्भावना छ भन्ने कुरा पनि मन्त्रीज्यूबाट आएको थियो र जनताबाट पनि आउछ हामीले पनि देखेका छौं । त्यो बाहेक सडक चाँडो भन्दा चाडो कसरी पुरा गर्नु हो त्यो मैले देखेको छु त्यसको लागि पहल गर्नुपर्ने वर्षा शुरु भैराखेको छ । वर्षामा त झन हिन्नै नसक्ने बाटो हुन्छ र यी खुटिया सडक पछि त्यो एउटा विकल्पको रुपमा त्यो सडक आउछ र त्यो हेभी साधन चल्दा खेरी यो खुटिया सडक झन बिग्रिन जान्छ र दुर्घटनाका सम्भावनाहरु अझ बढी हुन्छन् र यसको सँगसँगै अबका दिनहरु हुरीवतास आउने दिन आएका छन् । म अहिलै आग्रह गर्न चाहान्छु यो हुरी वतासमा हुने दुर्घटनाबाट र असिना पर्ने टाइम पनि यै हो । अब असिना पनि पर्छ । असिनाबाट दुर्घटना हुने क्षति हुने हुरी बतासबाट क्षति हुने गत वर्ष पनि क्षति भएका थिए । अझ पनि हुन्छ र लगतै फेरी यो वर्षादको मौसम

आइराख्या छ । हाम्रो यो विपद राहत कोष के भैराछ । त्यो संचालन भयो भएन । एकचोटी त्यसको पनि जवाफ पाउन म आग्रह गर्दै म विदा हुन्छु धन्यवाद ।

**माननीय महेश दत्त जोशी,**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको हाम्रो तुलनात्मक हिसाबले हाम्रो प्रगति देखिन्छ । समग्र देशको स्थिति हेर्दा खेरी प्रदेशले गरेका कामको मुल्यांकन गर्दा खेरी अहिले तुलनात्मक रुपले प्रदेश सरकारले केही कामहरु गरेको प्रदेश सभाले केही निर्णयहरु महत्वपूर्ण गरेको कुराको कारणले हामी सुदूरपश्चिम प्रदेश क्षमताको हिसाबले निर्णय क्षमताको हिसाबले कार्यान्वयन क्षमताको हिसाबले पछाडी छैनौं भन्ने कुरा हामी यतिबेला भन्न सक्छौं । प्रदेश सरकारको बजेट तेश्रो बजेट आउन ढाइ महिना मात्र बाँकी रहेको यस परिस्थितिमा हामीले ६ वटा अरु प्रदेशको पनि कुरा हेर्दा खेरी करिब करिब सन्तोषजनक रुपमा काम भएको देखिएको छ । अँझै कुरा बुझ्नु पर्ने के बाँकी हो भने नयाँ संविधान भित्र नयाँ व्यवस्था भित्र नयाँ परिस्थितिमा हामी अगाडी बढिरहेका छौं । अपेक्षा हामीले पुरानै व्यवस्था अनुसारको कामको परिणामको आशा गरिरहेका छौं । त्यसैले तालमेल नमिलेको मात्रै हो । जनताले आशा गरेको छ । यसमा कुनै किसिमको छल छैन कपट छैन । जनताले अपेक्षा गरेको छ । स्वभाविक छ जनताको आशा अपेक्षा र जनादेश वाहाहरुले दिनुभाछ । समस्या के हो भने हाम्रो प्रचलन हाम्रो प्रथा हाम्रो रिति रिवाज नयाँ व्यवस्था अनुसार हुन सकेछ । जनादेशलाई हामीले सिरोधार गर्न सकेनौं । जनताको अभिमत अनुसार हामी चल्न सकेनौं । एउटा प्रतिनिधि चल्नु पर्छ । एउटा सरकार चल्नु पर्छ । एउटा सरकारका अंगहरु चल्नु पर्छ । एउटा मुलुक चल्नु पर्छ । सिङ्गो राज्य व्यवस्था चल्नु पर्छ जनादेश भित्र । तर कतिपय जनादेश भित्र राज्य व्यवस्था चलेको छैन । राज्यका संयन्त्रहरु चलेनन् । ढिलासुस्ती गर्ने काम नगर्ने सम्झौता गर्ने । पछाडी भाग्ने यो परिस्थितिका कारणले राज्य व्यवस्थाले जनादेश स्वीकार गर्यो कि गरेन । यानेर प्रश्न खडा हुन्छ । सरकारले किन गराउन सकेन । यो पनि प्रश्न खडा हुन्छ । जनताको आदेश नेपाली जनताको आदेशलाई सिरोधार्य किन गर्न सकेन । त्यो अनसारको कदम अगाडी किन बढाउन सकेन । यो प्रश्न खडा हुन्छ । यो हाम्रो Culture यस्तै हो कि हाम्रो स्वभाव यस्तै हो कि भने भोले यो संघीयता कार्यान्वयनमा धेरै ठुलो समस्या हुन सक्छ । अहिलेको सरकारको बदनामी गरेर अहिलेको सरकारका जनप्रतिनिधिहरुको, संस्थाहरुको, व्यवस्थापिकाको हामीले बदनामी गरेर हामीले संविधानको कार्यान्वयन गर्न सक्दैनौं । त्यसैले महत्वपूर्ण सवाल संविधान कार्यान्वयन हो । हामीले आवधिक निर्वाचन प्रणाली स्वीकार गरिसकेका छौं । बहुदलिय व्यवस्था स्वीकार गरिसकेका छौं । यहाँसम्म कि अहिले नेपालको राजनितिक शक्तिमा निर्वाचनमा दर्ता भएका राजनीतिक पार्टी वा नभएका राजनीतिक पार्टी कुनै न कुनै समयमा सत्तामा साझेदार पार्टीका सदस्य थिए । यसमा कुनै दुइमत छैन । नेपालका कुनै पनि राजनीतिकर्मी नेता वा कार्यकर्ता राजनीतिक शक्तिको नजिक वा उसको प्रतिनिधि पार्टी सरकारको नजिक नपुगेको अवस्था होइन । अब यस्तो भन्ने अवस्था छैन कि म सरकारमा पुग्न सक्या थिएन त्यै भएर मेरा मागहरु बाँकी रहे । त्यसैले अब सरकार संचालनको प्रकृयामा जुन जनादेश ५ वर्षका लागि जनताले दिएको छ

त्यसलाई सबल गर्न सकेनौं भने हाम्रो व्यवस्था फेल हुन्छ । हाम्रो संविधान कार्यान्वयन हुँदैन र प्रश्न चिन्ह खडा हुन्छ र यो व्यवस्था लामो संघर्ष लामो बलिदान र लडाइका साथ जनताको बलिदान जनताको सहयोगमा प्राप्त भएको यो व्यवस्था हो । त्यसैले यतातिर हाम्रो ध्यान केन्द्रित नभएको परिस्थितिमा सरकारको मात्रै आलोचना गरेर अब यो शुरले पार लाग्ने अवस्था हामीले देखेनौं । गर्न खोज्दा खोज्दै पनि अहिलेसम्म कर्मचारिहरुको व्यवस्था हुन सकेको छैन । अब मन्त्रिले गएर स्टिमेट गर्ने सम्झौता गर्ने त होइन, अब मन्त्रीले गएर साइट देखाउने त होइन । हामीसँग कर्मचारी छैन । हामीसँग लेखाका कर्मचारी छैन निकासा दिने हामीसँग प्राविधिक कर्मचारी छैन । भर्नागर्न भनी दिएको छैन किनभने संविधानले दिएको छैन । किनभने हामीले नियम विधि प्रकृयाहरु पुरा गर्नु छ । त्यसैले यो लामो प्रकृया भित्र जनताका आशा उपेक्षाहरु कुंठित भएका छन् । कहि यो कुरालाई हामीले बुझ्न सकेनौं । यो कुरालाई हामीले लग्न सकेनौं । हामीले यो कुरालाई जनतालाई बुझाउन सकेनौं भने व्यवस्था प्रति नै वितृस्णा हुने स्थितिमा हामी छौं । त्यसैले यतातिर सरकारको ध्यान जाओस । यो काम पनि सरकारको हो राज्य व्यवस्था संचालन गर्ने । राज्य व्यवस्था किन संचालन भएन यो पहिलो काम चाही सरकारको हो चाहे प्रदेश सरकार चाहे संघीय सरकार । अहिले यहाँ प्रश्न उठिरहेका छन् । संघीय सरकारका योजनाहरु प्रदेशलाई प्राप्त भयो । दुई वर्ष भैसक्यो अहिलेसम्म यसमा बजेट छैन । सम्झौता अनुसारको रकम छैन । निर्माण व्यवसायीहरुले काम गरेको छैन । निर्माण व्यवसायीहरुको अत्तोपत्तो नै छैन । उनीहरुले पहलकदमी पनि गरेको छैन । सम्बन्धित निकायमा आएका छैनन् । त्यो बाटोको कामहरु होस पुलको कामहरु होस । तमामा कामहरु ठेका सम्झौता गरिसकेपछि हामीले सुनेका छौं त्यो ठेक्का सम्झौतामा नै क्षतिपूर्तिको व्यवस्था हुन्छ रे जहिले पनि निर्माण व्यवसायीले आफ्नो हात माथि राखेर क्षतिपूर्ति लिने व्यवस्था चलन छ भनेर हामीले सुनेका छौं । तत्काल यो प्रकृयालाई खारेज हुनु पर्छ । सरकारले यसमा सजग हुन पर्छ र जहिले पनि ठेकेदारको हात माथि हुने र सरकारको हात तल हुने र जनतालाई जहिले पनि घाटा गर्ने निर्माण कार्यहरु नगर्ने ठेकेदारहरुको तत्काल लाइसेन्स खारेज गरेर कानूनी प्रकृया भित्र ल्याउनु पर्छ । पारदर्शि ढंगले काम गर्नु पर्छ । गुणस्तरिय ढंगले काम गर्नु पर्छ । राज्यको अहिलेसम्म त्यो बाटोमा कुनै एउटा बाटोमा तपाइहरु लगानी हेर्नुस त्यो बाटो कालोपत्रे होइन पिच होइन दुइटै पट्टी हरियाली भएर गाडी गुड्ने बाटो भैसकेको बजेट त्यहाँ खर्च भैसक्या छ । तर त्याँ ग्राभिल नै छैन । जनताले त सबै कुरा बुझ्या छ नि । त्यसको दोषी त हामी सबै हौं । पहिलो त सरकार नै हो । त्यसैले तेतातिर केन्द्रीय सरकार योजनाहरु किन अलमल त्यसको जवाफ संघीय सरकासित प्रदेश सरकारले तत्काल माग्नु पर्छ । कि योजना पठाइदिनु पर्यो कि बजेट विनियोजन हुनुपर्यो । साडे तिन सय योजनाहरु प्रदेशमा अलपत्र अवस्थामा छन् । हाम्रो कृषिको समस्या । जनताले बिउ का बाट लेउछन् । हाम्रो विउ दिने निकाय हुन हो । धान रोप्ने बेला भएको छ । अब धानको विउ राख्ने बेला भएको छ । हामी विउ कहाँ बाट लेउने । पहिलो कुरा त विउ नै हो नि । गुणस्तरिय विउ दिने हाम्रो माटोमा फल्ने विउ कुन हो । हामीसँग कुनै जवाफ छैन । यसको जवाफ सरकारले हामीलाइ दिनु पर्यो । हामीले धानको विउ कुन निकायले

दिने हो । कहाँबाट उत्पादन भएको विउ हो । हामीले विउलाई संकलन गर्ने प्रशोधन गर्ने हामीसँग निकाय छैन त्यसैले तत्काल सुदूरपश्चिम सरकारले यो विउको लागि मात्र बजेट विनियोजन गर्नु पर्यो बाँकी कुरा अरु छन् । मल खातका कुरा निजि क्षेत्रले पनि व्यवस्थापन गर्न सक्छ । संघसंस्थाले पनि गर्न सक्छ । विउ प्रति हामी जवाफदेही हुनुपर्छ । विउको हामीले सुनेका छौं विउको patient right नै अरुले लिराछन् । हाम्रो स्थानीयको अहिले सिनपेरी धानको विउ का छ । कसरी संरक्षण गर्ने संपेरी धान जुनलाई रोग पनि लाग्दैन पानी पनि चाहिदैन खादा खेरी दुई दिनसम्म भोक पनि लाग्दैन त्यस्तो धान । त्यो सिमपेरी लोप किन भयो । त्यो सिमपेरी तराइ क्षेत्रबाट लोप भयो । त्यो धानको विउको सन्दर्भमा पनि हाम्रो सरकारको ध्यान जाओस । मैले भन्नु पर्ने अलि धेरै कुरा थिए । शिक्षा क्षेत्रमा भताभुंग भएको छ । अहिले शिक्षा क्षेत्रको विषय पनि सरकारले ध्यान दिनुपर्यो । एकदम मेहेमतका साथ सरकारका मन्त्रीहरु लाग्नु पर्यो । मन्त्री भैहाले भनेर त्यो कुर्सी बचाउ अभियान होइन । अब यो सरकार र संविधान बचाउ अभियानमा लागौं । त्यसैले एकदम अहोरात्र यदी मन्त्रीहरु खटिएनन् भने सांसदहरुलाई त काम दिनु पर्योन्त । अब योजना आयोग छैन कहाँ हामीले योजना टिपाउने हो । हिजो त सडकबाट फोनबाट साथिहरुले टिपाय । व्यवस्थित योजना आयोग हुनुपर्योन्त । योजना आयोग पनि छैन । पर्यटन व्यवसायका कुराहरु अलपत्र छन् । निजि उद्योगहरुलाइ प्रबर्द्धन गर्ने ल्याउने कुराहरु अलपत्र छन्, स्थानीय तहको अनुगमनको कामहरु हुनसकेको छैन । हामीले केही धेरै योजनाहरु हाम्रो अहिले पनि नयाँ योजनाहरु सृजना गर्न सकेका छैनौ । पुराना योजनाहरुमा हामी झेलिएका छौं । त्यसैले जनताको आशा अपेक्षा अनुसार यदि सरकार चल्न सकेन । अत्यन्त मेहेनतका साथ अहोरात्र खटिन सकेन भने व्यवस्था प्रति वित्रिस्णा आउने धेरै भयानक ठुलो खतरा हुने अवस्था छ । यतिबेला बिपक्षका प्रमुख प्रतिपक्ष साथिहरुलाई पनि मेरो के अनुरोध छ भने वाहाहरुले बजेट माग्ने होइन । वाहालाई जनादेश बजेट माग्ने होइन । हेर्ने हो वाहा सुपरभिजन गर्ने हो अनुगमन गर्ने हो बजेटको कार्यान्वयन भएको वाहाले पनि बजेट माग्ने हामीले पनि बजेट माग्ने अनी याहात अब पत्रकार मात्रै पो प्रतिपक्ष दलमा देख्छु अहिले केही राम्रा पत्रकार साथिहरुले हाम्रा कुरा उठाइदिहाले नत्र कोले कुरा उठाइदिने । हामी दाजुभाइ मिलेरै काम गर्ने हो । अनी टाढाबाट कोले हेर्ने । प्रतिपक्ष दल विपक्षी दलले टाढाबाट हेर्ने अनी एकै थालमा भात खाएत स्वात लागिहाल्छ नि । त्यसैले भूमिका ठिक छ पाउनुहुन्छ नि भोले वाहा सत्ता हुनेहो । अहिलेको सत्ता विपक्ष हुने हो । विपक्षीको भूमिका त्यहाँ कुकुर र गधाको काहानी एकचोटी पढ्नु पर्यो । गधाले फेरी पिटाइ खान्छ । भुल्नु हुँदैन गधाले धन्यवाद ।

**माननीय कृष्ण बहादुर चौधरी,**

माननीय सभामुख महोदय, हाम्रो यो सुदूरपश्चिम प्रदेश करिब १ वर्ष भन्दा बढी भइसक्यो, जनताले धेरै प्रस्तहरु गर्ने गर्छन । पवक्ता माननीय ज्यूले भन्नु भयो २०७४/०७५ बजेट गयो २०७५/०७६ को बजेट पनि अब करिब करिब जानै लागेको अवस्थामा पुगिसको अवस्था हो । त्यस कारण यो के

कारणले ढिला सुस्ती भइराखेको हामी नयाँ संरचनामा नयाँ अभ्यासमा हुँदा २०७४ को बजेट जाँदा ठिक थियो तर अब हामी १ वर्षको भन्दा बढी उमेर भइसकेको लखखा जवान माननीयहरु हौं । सरकारका मन्त्रीज्यूहरु त झन विद्धान मन्त्रिज्यूहरु हुनुहुन्छ । यो के कारणले यति ढिलो सुस्ती भइराखेको छ । यो साँच्चै यो २०७४/०७५ को बजेट जस्तै यो २०७५/०७६ को बजेट यदि काम हुन सकेन भने मलाइ लाग्छ यो हाम्रो सुदूरपश्चिम प्रदेश हामी या सदनमा बोल्ने गर्छौं र हाम्रो मुख्यमन्त्री लगायत हाम्रो मन्त्रीज्यूहरुले अब यो प्रदेशलाई हामी माथि उठाउछौं र धेरै पटक बोल्नु भएको छ तर अहिलेसम्म यो काम धन्दा यो ढिलासुस्ती हेर्दा खेरी त मलाई लाग्छ यो प्रदेशले काम गर्न सकिरहेको अवस्था छैन । या मन्त्रीज्यू हाँस्दै हुनुहुन्छ मन्त्रीज्यूलाई मेरो प्रश्न हो अब कहिलेसम्म काम गराउनुहुन्छ मन्त्रीज्यू । करिब करिब यो आर्थिक वर्ष चैत्र महिनाको आज १० गते गइसक्यो बैशाख जेठ त्यसपछि वर्खा लाग्छ । त्यसकारण हाम्रो प्रदेश सरकारले अब गम्भिर भएर लागिदिनुपर्यो र जति अवरोधहरु छन् अघि माननीय महेशदत्त जोशीले भन्दैहुनुहुन्थ्यो प्रतिपक्षले बजेट माग्नु हुँदैन हामी बजेट का माग्या छौं । जति पहिला हामी मागियो अन्यायपूर्वक भयो त्यतिबेला हामीले भन्यौं अब हामीले बजेट दिनुस भनेर भनेका होइनौं । हामीले दिएको सानो बजेट पनि काम गराइदिनुस भनेर मात्रै मनेका हौं । सरकारमा बसेका माननीय मन्त्रीज्यूहरुको निर्वाचन क्षेत्रमा अब मिडियाले थुप्रै बाहिर हल्ला छ करोडौ करोडको बजेट छ । कम्तिमा हाम्रो निर्वाचन क्षेत्रमा लाखको बजेटलाई कार्यान्वयनमा लग्दिनुस त्यो मात्रै हामीले भनेका हौं । हामी करोडौं बजेट माग्दैन । यो अब करिब करिब वर्खा लागिसक्यो । मैले अस्ती पनि बोलेको थिए । खास गरेर यो कंचनपुरका किसानहरुलाइ हामीले विशेष ध्यान दिनुपर्छ । कुन कुन क्षेत्रमा सिचाइको व्यवस्था पुगेको छैन त्याहाँ सिचाइको व्यवस्था गर्नुपर्यो । खादमलको व्यवस्था गर्नुपर्यो विउविजनको व्यवस्था गर्नुपर्यो समयमै किसानहरुले बडो मेहेनतका साथ उत्पादन गरेको जुन गहुँ छ यसको अहिलेसम्म रेट तोकिएको छैन । त्यसकारणले समयमै प्रदेश सरकारले रेट तोकिदियो भने किसानहरुलाइ अलिकति रहत हुन्थ्यो । त्यसकारणले यतातिर पनि हाम्रो प्रदेश सरकारको पनि ध्यान जानुपर्छ । हामी पटक पटक सुन्ने गर्छौं भारतको एसएसबीले हाम्रो भूमिमा आएर नेपाली किसानहरुलाई दुख दिने गरेको । मैले हिजो पनि सुनें कंचनपुरको भिमदत्त क्षेत्रमा आफ्नै भूमिमा आफ्नै जगामा घर बनाइरहेका नेपालीहरुको घरलाई बनाउने काम रोकिएको छ । एसएसबी आएर धम्की दिएको छ बनाउन मिल्दैन भनेको छ । त्यतातिर हाम्रो प्रदेशको सरकारको ध्यान किन जाँदैन । हाम्रै आफ्नै भौतिक संरचना बनाउन नपाउने, यो भारतको हेपाहा प्रवृत्ति हो या हाम्रो कम्जोरी हो त्यसकारणले हामीले हाम्रो ध्यान यतातिर पनि जानुपर्छ । अब हामी प्राय यहाँ बैठकको दिन आउछौं । एक हप्तापछि पाँच दिन पछि वैठक हुन्छ । धेरै माननीयज्यूहरुले गफ गर्नुहुन्छ काम छैन । अब यसरी फुर्सदमा बसेर माननीयज्यूहरुलाई बसाल्नु भन्दा मलाई लाग्छ यदि काम छैन भने Business छैन भने अब यो हिउदे अधिवेशनको अन्त गरिदिनु पर्यो । फेरी वर्खे अधिवेशनमा बजेटको अधिवेशन पनि आउछ तेतै तिर हामी जाउँ । काम हुँनैन ५ दिन हप्तादिन पछि वैठक हुन्छ यसको खासै मलाई लाग्छ त्यसकारणले हाम्रो सरकारले ध्यान दिनुपर्यो, जोर दिनुपर्यो, निरन्तर काम दिनु पर्यो । हामी यो

प्रदेशलाई यसरी ढिलासुस्तीमा हामी गयौं भने मलाई लाग्छ हामीले बलेका कुराहरु, हाम्रो मुख्यमन्त्रीले बोलेका कुरा, हाम्रो मन्त्रीज्यूहरुले बोलेका कुरा पुरा हुन सक्दैन । प्रश्न उठ्न अनी भोली अर्कै खालको अवस्था सृजना हुन्छ । त्यसकारणले अब हाम्रो मन्त्रीज्यूहरु पनि सबै मन्त्रीज्यूहरु एकदमै कम्मर कस्नुपर्यो लाग्नुपर्यो । हामी प्रतिपक्षमा हामी जहिले पनि साथ दिने पक्षमा छौं त्यसकारणले हाम्रो प्रतिपक्षबाट प्रमुख प्रतिपक्षले अहिलेसम्म गरेको छैन । खासै मैले विरोधछ गरेको मैले पाएको छैन । हामी प्रतिपक्षमा छौं । त्यसकारणले हाम्रो सरकारले अब दरिलो हुनुपर्यो काम गर्नुपर्यो हामी साथमा छौं हवस धन्यवाद ।

**माननीय हर्क बहादुर कुँवर**

माननीय सभामुख महोदय, आज चैत्र १० गते हाम्रो सरकार बनेको पनि १४/१५ महिना भैसकेको जस्तो मलाई लाग्छ । मैले सुनें न्यूज हामी सुदूर प्रदेशको चौमासिक बजेटको प्रगति विवरण ६ प्रतिशत रहेछ । त्यसैले अब हामी का छौं । अब हामीले खेल्ने भूमिका के हो । हुन त म सत्ता पक्षको एउटा सदस्यको हैसियतले मैले समयमा बोल्नु पर्दा कतै काही चित्त नदुखोस । हामीले गम्भिर हुनु जरुरी छ चाहे हामी सत्ता पक्षका हौं चाहे हामी प्रतिपक्षका हौं । चाहे हामी मन्त्री हौं चाहे मन्त्री बाहेकका मान्छे हौं । यो सुदुरप्रदेशका जनताले हामीप्रति धेरै माया गरेर धेरै आस गरिरहेका छन् । आज हामी महत्वपूर्ण स्थितिमा उभिएका छौं । हामीले विगतमा पनि धेरै कुराहरु उठाउदै आएका छौं । अनि हाम्रो बजेट पनि जनतामुखी नै छ कसैले भन्नै पर्दैन व्याख्या गर्नै पर्दैन यसको वर्णन पनि गर्नै पर्दैन । धेरै राम्रो छ । लेखेको छ पैसा छ तर कार्यान्वयन पक्ष के हो । यसमा हामी गम्भिर हुने कि नहुने । हामी कतिबेला कसरी अगाडी बढ्छौं । हुन त सबै माननीय ज्यूहरुलाई टेलिफोनको आवाज जिल्लाबाट आएका हुनै पर्छ । पत्रकार साथीहरु सोधेको सोधै हुनुहुन्छ । तपाइको ६ प्रतिशतले यो विकास भएको छ जम्मा २ महिना बाँकी छ के यो ६० प्रतिशत नाघ्छ माननीयज्यू भनेर सोधिरहनु भाछ । अब यो जवाफ मन्त्रीले दिने कि माननीयले दिने कि दलका जनताले दिने कलाई सोध्ने यो । बडा गम्भिर प्रश्न छ । म भन्न चाहान्छु हामीलाई जनताले विश्वास गरेको छ । धेरै कुराहरु उठाइरहेका छन् । शान्ति सुरक्षा खलबलिएको छ । मान्छेहरुले अहिले त्रासमा गाडी मोटरमा चडिरहेका छन् त्यसको शान्ति सुरुक्षा हुन जरुरी छ । हामी जिम्मेवार यो गरिमामय हाउस अथवा यो सदन यो सुदूर प्रदेशको जनताका आवाज बुलन्द हुने ठाउ हो । त्यसैले हामीले वाहाको आवाज बोल्नु पर्छ र हामीले यस्ता सवाललाई उठाउनु जरुरी छ । हामीले विगतमा भन्यौं हामीले आन्तरिक कोष अहिले भखरै पनि पहाडी जिल्लामा चाहे त्यो बाजुरा दार्चुला होस अछाम होस कुनै पनि जिल्लामा तरकारी मौसमी खेती असिना पानीले नास गरेको छ । त्यसका बारेमा किन बोल्दैनन सरकारका मन्त्रीज्यूहरु । त्याहा जनताले के पाउने हो हामी बाट आस गरिरहने । त्यै कारणले जनतालाई त्यो कोषबाट छिटै पाहाडी जिल्लाहरुमा मात्र होइन धेरै ठाउँमा त्यसता चट्याङ लागेका बाढी पीडितहरु असिना पीडितहरु जनता मर्माहित भएका छन् उनीहरुलाई अलि आसलाग्दा खालको हामी कार्यक्रम दिन

सक्छौं कि सक्दैनौं । जति कुरा उठाए पनि जवाफ कहीबाट पनि आउदैन । मैले एउटा यहाँ भन्न मन लाग्यो । यउटाका दुइ भाइ कलाकार रहेछन् । गाउँमा माग्ने जाने गर्दा रहेछन् कलाकारी क्षेत्रमा यनीहरु बडा रमाइलै रहेछन् । गाउने रहेछन् गाइसकेपछि माग्ने रहेछन् । अनि जनताले भन्दा रहेछन् । सबै कुरा राम्रो छ गाउदा पनि रहेछौं हाँस्दा पनि रहेछौं तर एउटै बानी खराब रहेछ तिमिहरु माग्दा रहेछौं । जनताले के पाउने हामी मल विउ खाद्यका कुरा गरिरहेका छौं । अहिले किसानले धान खेतीमा मल घर गाउ गाउमा पुगे कि पुगेन । दार्चुला पुग्यो कि पुगेन बिच्छया पुग्यो कि पुगेन । अछामको कालेकाडा रामारोशन पुग्यो कि पुगेन सवाल यहाँ हो । हामीले भनेका थियौं चुनाव ताका । चाहे ती प्रतिपक्ष हुन् चाहे ति सत्ता पक्ष हुन् । तपाइका आशु पुछने छु जनतालाई आत्म निर्भर बनाउनेछौं भनेर हामीले टिकाराम पार्कीको नाममा दलित छात्रवृद्धि हामीले बजेटमा समावेश गरेको हामीले पायौं । कहाँ छ दलित छात्र वृद्धि टिकाराम पार्की कार्यक्रम । यसको अत्तो पत्तो छैन अनी एनजिओका  हातमा उलाई दिएर अगाडी बढ्न सक्छ राज्य । सवाल यानेर हो हामी गम्भिर किन हुँदैनौं । जनताप्रति उत्तरदायी जबसम्म राजनीतिक पार्टी नेता सभासद मन्त्री हुन सक्दैन तब जनताले उलाई विश्वास पनि गर्न छोडिसकेको अवस्था छ । त्यै कारणले हामीले निर्माण व्यवसायी हामी भनिरहेका छौं यहाँ निर्माण व्यवसायको विधेयक का छ । कहिले आउने हो त्यो । हाम्रो सुदूर प्रदेशमा विहान Morning walk  जाँदाखेरी धेलै धुलोको डुगुरले हामीले खानुपर्छ अनी बाटोमा मान्छेहरुले सुनाउने गर्छन । सभासदलाई गाली गर्ने गर्छन् । हामी सुन्ने गर्छु सभासद भन्नु लोभलाग्नु पनि अब लाजको अवस्था रहेको छ । किन यस्तो अवस्था त्यसैले निर्माण व्यवसायी विधेयक छिटो भन्दा छिटो जबसम्म ल्याउन सक्दैन तबसम्म विकासले फड्को मार्नै सक्दैन । त्यसैले हामीले गम्भिरका कुरा उठाएनौं अलि जिम्मेवारी ढंगले अगाडी बढेनौं भने राज्य अगाडी बढ्न सक्दैन । हामी भाषणमा भन्ने गर्छौं सुदूरप्रदेशलाई १ नम्बरमा लैजाने रे विकास बजेट ६ प्रतिशत लाने १ नंबर । यहि कारणले अलि हामी गम्भिर हुनु  जरुरी छ । हामीले छिटै विकास निर्माणका कतिपय कुराहरु तलबाट जनताहरु सोधिरहेका छन् कहिले आउछ पैसा । कार्यक्रम कहिले दिन्छौ भनि सोधिरहनु भाको छ । त्यसैले म सम्बन्धित मन्त्रिज्यूहरुलाई अहिले पनि सभामुख महोदय मार्फत म अनुरोध गर्न चाहान्छु । १० दिन भित्र जसजसका मन्त्रालयका पैसा सम्बन्धित निकायमा जाओस यदि ताहा सम्म गएन भने हामी सांसदले पनि केही कुरा सोच्न बाध्य हुने भन्ने भनाइ राख्दै म विदा हुन्छु हओसत धन्यवाद ।

***(बोली सकेपछि)***

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरू,**

अब, **“सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५”** माथिको कार्बाही प्रारम्भ हुन्छ ।

६. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम ११० बमोजिम "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**" माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

७. **माननीय सदस्यहरू,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**" लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४, को नियम नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय झपट बहादुर बोहरा**

माननीय सभामुख महोदय, यस भन्दा अघि सम्मानित प्रदेश सभामा प्रस्तुत सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाउन प्रस्ताव पेश गर्दछु धन्यवाद ।

*(प्रस्ताव पेश भएपछि)*

८. **माननीय सदस्यहरू,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

**("हुन्छ" भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

**("हुन्न" भनेपछि)**

९. "हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**" लाई दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

*(घोषणा गरिसकेपछि)*

**१०. माननीय सदस्यहरु,**

"**सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्बाही यँही समाप्त हुन्छ ।

**११. माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

**१२. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफल पश्चात विधायन तथा प्रदेश मामिला समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

**१३. माननीय सदस्यहरु,**

अब म विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई **"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय नेपालु चौधरी,**

माननीय सभामुखज्यू, मिति २०७५।११।३०
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :- सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, विधायन तथा प्रदेश मामिला समितिको प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७५।११।०३ गते बसेको तेस्रो अधिवेशनको सातौं बैठकको निर्णय अनुसार सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि प्राप्त संशोधन सहित दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गर्न यस समितिको मिति२०७५।११।१९, २०७५।११।२२, २०७५।११।२३ र २९ गतेका दिन तेस्रो अधिवेशनको आठौं,नवौं,दशौं र एघारौ विधेयक सम्बन्धमा दफावार छलफलको कार्य प्रारम्भ भएको थियो । यस समितिको आठौं बठक ११:३० बजेबाट २:०० बजे सम्म, नऔं बैठक गते ११:०० बजे देखि ०१:०० बजे सम्म दशौं बैठक गते ११:०० बजे देखि

०१:१५ सम्म र एघारौं बैठक  गते ३.०० बजे देखि ५.०० बजे गरि जम्मा ४ पटक बैठक बसि १० घण्टा ४५ मिनेट सम्म सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभूति गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५, माथि छलफल भई दफावार छलफलको कार्य समाप्त भएको थियो ।

दफावार छलफलका क्रममा सम्पन्न उक्त बैठकमा देहाय बमोजिमका माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१. माननीय तारालामा तामाङ्ग

२. माननीय श्याम लाल राना थारु

३. माननीय विरमान चौधरी

४. माननीय शान्ति नेपाली

५. माननीय मालामति कुमारी राना थारु

६. माननीय कुलविर चौधरी

७. माननीय लिलाधर भट्ट ।

**आमन्त्रीत**

८. माननीय महेश दत्त जोशी

## संशोधन तथा थप हुनु पर्ने विषयहरु

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | साविक को प्रश्तावनामा | **प्रस्तावना:** प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउदै प्रदेशवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी प्रदेशमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,( नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ । | प्रस्तावना: प्रदेशको सार्वजनिक मामिलालाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउदै प्रदेशवाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न तथा कानूनको शासन, चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको **उचित** व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रुपमा रुपान्तरण गरी प्रदेशमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा १९७ बमोजिम सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ । | प्रश्तावनाको मनसाय स्पष्ट पारिएको |
| २ | साविक मस्यौदाको दफा ६ को देहाय (ग) मा | (ग) समन्याय र समावेशीकरण | (ग) समन्याय र **समानुपातिक** समावेशीकरण | समावेशकिरणलाई समानुपातिक वनाउन उपयुक्त हुने भएकोले। |
| ३ | साविक मस्यौदाको दफा ७ को | **(घ)** प्राकृतिक तथा अन्य सार्वजनिक | **(घ)** प्राकृतिक तथा अन्य सार्वजनिक | कुसल शब्दको सट्टा उचित शब्द |

| | | | | |
|---|---|---|---|---|
| | उपदफा (१) को देहाय (घ)मा | स्रोतको दीगो तथा कुशल व्यवस्थापन, | स्रोतको दीगो तथा उचित व्यवस्थापन, | राख्न उपयुक्त हुने भएकोले |
| ४ | साविक मस्यौदाको दफा ७ कोउपदफ ा(१) को देहाय खण्ड(ज) पछि थपिएको देहाय (झ) | | (झ) स्थानीय साधनस्रोत,शीप र श्रमको प्रयोगमा जोड दिदै स्थानीय जनतालाई प्रत्यक्ष लाभ दिने विकास निर्माण कार्य सन्चालन गर्ने। | देहाय खण्ड (ज) पछि देहाय खण्ड (झ) थपिएको |
| ५ | साविक मस्यौदाको दफा ९ को उपदफा (२) मा | ९२) मन्त्रीले आफ्नो मन्त्रालय अन्तरगतका विषयहरुमा दीगो विकास र सम्वृद्धिमा योगदान पु-याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालिन महत्व राख्ने र उत्पादनमूलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना वैंक तयार गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ । | ९२) मन्त्रीले आफ्नो मन्त्रालय अन्तरगतका रातो कितावमा समावेश गरिएका विषयहरुमा दीगो विकास र सम्वृद्धिमा योगदान पुया-उने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालिन महत्व राख्ने र उत्पादनमूलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना वैंक तयार गराउने जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ । | उक्त उपदफाको मनसाय स्प्ष्ट पार्न । |
| ६ | साविक मस्यौदाको दफा ९ को उपदफा (३) पछी उपदफा (४), (५), (६) (७) र (८) थपिएको । | | **४. मन्त्रीले आफ्नो मन्त्रालय अर्न्तगतको प्रत्येक बार्षिक योजना, आयोजना र परियोजनाको नाम स्पष्ट रुपमा किटान गरि बजेट विनियोजन गरि अनिवार्य रुपमा रातो किताबमा समावेश गर्नुपर्ने छ।** | सरकारका क्रियाकलापलाई स्पष्ट र पारदर्शि बनाउँन उचित हुने भएकोले |
| ७ | | - | **५. मन्त्रीले बजेट पारित हुने वित्तिकै आफ्नो मन्त्रालय अन्तर्गतका योजना, आयोजना र परियोजना कार्यान्वयनको लागि एक महिना भित्रै अख्तियारी प्रदान गर्नु पर्ने छ र प्रथम चौमासिक भित्र सम्पूर्ण योजनाहरुको सम्झौता गर्नु पर्ने छ। सम्झौता हुन नसकेमा दोस्रो चौमासिकमा संशोधन गर्नु पर्ने छ।** | आयोजनालाई समय भित्रै कार्यान्वयन गर्न सजिलो हुने भएकाले |
| ८ | | - | **६. मन्त्रीले आफ्नो मन्त्रालयको प्रत्येक चौमासिक विवरणलाई सार्वजनिक रुपमा सूचना प्रकाशित गरि मन्त्रालयको वेवसाईडमा समेत राख्नु पर्ने छ।** | सरकारका क्रियाकलाप पारदर्शि बनाउँन उपयुक्त हुने भएकोले |
| ९ | | - | **७. मन्त्रीले कुनै पनि योजना, आयोजना र परियोजनामा रकमान्तर गर्दा रातो किताबमा उल्लेख गरिए बाहेकका योजना, आयोजना र परियोजनामा रकमान्तर गर्न पाईने छैन। रकमान्तर गर्न आवश्यक परेमा प्रदेशको सम्बन्धित निर्वाचन क्षेत्र र सम्बन्धित जिल्लामा मात्र गर्नु पर्ने।** | रकमान्तर गर्ने व्यवस्थालाई स्वच्छाचारी हुनबाट रोक्न उपयुक्त हुने भएकाले |
| १० | | - | **८. विषयगत मन्त्रालयको योजना, आयोजना र परियोजना छनौट गर्दा सम्बन्धित निर्वाचन क्षेत्र भित्रका पहिलो निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य र दोस्रो निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा** | आयोजना छनौटलाई स्पष्ट आधार दिन उपयुक्त हुने भएकोले |

| | | | | |
|---|---|---|---|---|
| | | | **सदस्य समेतलाई समावेश गरि छनौट गर्नु पर्नेछ तर दोस्रो निर्वाचन प्रणालीबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्यले आफुले रोजेको प्रदेश भित्रका कुनै पनि एक निर्वाचन क्षेत्रको लागि योजना, आयोजना र परियोजना छनौट गर्न सक्नेछ ।** | |
| ११ | साविकको दफा ९ को उपदफा ४ लाई उपदफा ९ कायम गरि उपदफा ९ मा | (४) उपदफा (१), (२) र (३) मा उल्लेख भए वमोजिमको कार्यमा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ । | **(९) उपदफा (१), (२), (३), (४), (५), (६), (७) र (८)** मा उल्लेख भए वमोजिमको कार्यमा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ । | नयाँ थप भएका उपदफाहरु ५ देखि ९ सम्मका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि उपयुक्त हुने भएकाले |
| १२ | साविकको दफा १० को उपदफा २ को देहाय (ज) मा | (ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन समय समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने वा गराउने, | (ज) प्रदेश सरकारको काम कारबाहीलाई प्रभावकारी बनाउन **प्रत्येक महिना अनिवार्य** रुपमा बैठक गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने वा गराउने, | नियमित रुपमा सरकारका कामको समिक्षा गरि प्रभावकारी बनाउँन उपयुक्त हुने भएकाले |
| १३ | साविकको दफा १० को उपदफा २ को देहाय (ठ) पछि ड थपिएको | - | **(ड) प्रत्येक ३/३ महिनामा प्रदेशका सबै मन्त्रालयहरुको प्रशासकीय र व्यवस्थापकीय पाटोको निरीक्षण र अनुगमन गर्ने ।** | निरीक्षण र अनुगमनको पाटोलाई नियमित बनाउँन उपयुक्त हुने भएकोले |
| १४ | साविकको दफा १० को उपदफा २ को देहाय खण्ड (ड) लाई (ढ) बनाईएको | (ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने । | (ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउँने । | - |
| १५ | साविकको दफा १५ को उपदफा १ मा | (१) सचिव सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ । | (१) सचिव सम्बन्धित मन्त्रालयको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन **गर्नु पर्नेछ** । | कार्य सम्पादनको व्यवस्था अनिवार्य गर्न उपयुक्त हुने भएकोले |
| १६ | साविकको दफा ११ को उपदफा २ को देहाय खण्ड (झ) मा | मन्त्रालय वा प्रदेश स्तरका कार्यालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने, | मन्त्रालय वा प्रदेश स्तरका कार्यालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा **चौमासिक र** वार्षिक प्रतिवेदन तयार गरी मन्त्रीसमक्ष पेश गर्ने, | चौमासिक प्रतिवेदनको व्यवस्था गर्न उपयुक्त हुने भएकोले |
| १७ | साविकको दफा ११ को उपदफा २ को देहाय खण्ड (ण) मा | आफ्नो मन्त्रालयको कार्यक्षेत्र अन्तरगतका विषयहरुमा दिगो विकास र सम्वृद्धिमा योगदान पु(याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालीन महत्व राख्ने र उत्पादनमुलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना बैंक तयार गर्ने, | आफ्नो मन्त्रालयको कार्यक्षेत्र अन्तरगतका **रातो किताबमा समावेश गरिएका** विषयहरुमा दिगो विकास र सम्वृद्धिमा योगदान पुऱ्याउने एवं कम समयमा वढी प्रतिफल दिने तथा दीर्घकालीन महत्व राख्ने र उत्पादनमुलक आयोजना तथा परियोजनाहरुको अध्ययन गराई परियोजना बैंक तयार गर्ने, | परियोजना बैंकको स्पष्ट आधार दिन उपयुक्त हुने भएकोले |
| १८ | साविकको दफा | आफु बहाल रहेको कार्यालयबाट | आफु बहाल रहेको कार्यालयबाट | प्रभावकारी सेवा |

| | | | | |
|---|---|---|---|---|
| | १३ को देहाय खण्ड (ङ) मा | जनसाधारणलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउने, | जनसाधारणलाई प्रदान गरिने सेवालाई **टोकन प्रणाली र विद्युतीय माध्यमबाट** प्रभावकारी बनाउने, | प्रणालीको माध्यम समेत स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| १९ | साविकको दफा १३ को देहाय खण्ड (ङ) पछि (च) थपिएको | - | **(च) प्रदेश सरकारका गौरवका आयोजना वा ठुला योजनाको हकमा कार्य संचालन हुदा, संचालन भै रहदा र फरफारक गर्दा कार्यालय प्रमुखले अनिवार्य रुपमा निरीक्षण गर्नु पर्नेछ ।** | निरीक्षणलाई प्रभावकारी बनाउँन उपयुक्त हुने भएकोले |
| २० | साविकको दफा १३ को खण्ड (च) लाई खण्ड (छ) बनाईएको | (च) तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउँने । | **(छ)** तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउँने । | - |
| २१ | साविकको दफा १५ को उपदफा (१) मा | (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले उचित समयावधिभित्र निर्णय गर्नुपर्नेछ । | (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नु पर्ने विषयको प्रकृति हेरी निर्णय गर्न पाउने अधिकारीले **बढीमा चार महिना भित्र** निर्णय गर्नुपर्नेछ । | समयावधि स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| २२ | साविकको दफा १५ को उपदफा ३ मा | (३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई यथाशिघ्र दिनुपर्नेछ । | (३) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई **७ दिन भित्र** दिनुपर्नेछ । | समयावधि स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| २३ | साविकको दफा २१ को उपदफा ३ मा | (३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार (मन्त्रिपरिषद्), सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले चेतावनी दिन सक्नेछ । | (३) उपदफा (२) को प्रतिकूल हुने गरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश सरकार (मन्त्रिपरिषद्), सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय **वा कार्यालय** अन्तर्गतका पदाधिकारी भए सम्बन्धित सचिवले **वा कानून बमोजिम अख्तियार प्राप्त कार्यालय प्रमुखले** चेतावनी दिन सक्नेछ । | चेतावनी दिने पदाधिकारी स्पष्ट पार्न उपयुक्त हुने भएकोले |
| २४ | साविकको दफा ३२ को उपदफा ६ पछि ७ थपेको | - | **(७) नयाँ बैज्ञानिक पद्धतीमा आधारित विद्युतीय प्रणालीबाट गुनासोको व्यवस्थापन उपदफा (४), (५) र (६) बमोजिम हुनेछ ।** | नयाँ बैज्ञानिक प्रणाली समेतबाट गुनासोको व्यवस्थापन गर्न उपयुक्त हुने भएकोले |
| २५ | साविक मस्यौदाको दफा ३२ को उपदफा ७ लाई उपदफा ८ बनाएको | (७) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | (८) गुनासो व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | - |
| २६ | साविक मस्यौदाको | ४४ निर्देशिका वा कार्यविधि वा दिग्दर्शन | | दफा ४४ को |

| | | | | |
|---|---|---|---|---|
| | दफा ४४ लाई हटाइएको | बनाउन सक्ने: प्रदेश सरकार तथा स्थानीय तहले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढंगबाट छिटो, छरितो र मितव्ययी रुपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न वा सुशासन कायम राख्न आवश्यक निर्देशिका वा कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्न सक्नेछ । | - | मनसाय दफा ४३ मै उल्लेख भै सकेकोले |
| २७ | साविकको दफा ४४ हटाई दफा ४५ लाई दफा ४४ बनाईएको | **४५. ऐन बमोजिम हुने :-** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरु कुरामा प्रचलित कानून बमोजिम हुनेछ । | ४४. **ऐन बमोजिम हुने :-** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरु कुरामा प्रचलित कानून बमोजिम हुनेछ। | साविक मस्यौदाको दफा ४४ झिकिएकोले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नु पर्ने विषयहरु सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउँने सचिवालयका कर्मचारी सहित सम्पूर्ण विधायन तथा प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

**प्रस्तुतकर्ता**
माननीय नेपालु चौधरी
सभापति
विधायन तथा प्रदेश मामिला समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

**१४. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशमा सुशासनको प्रत्याभुति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको आजको कार्वाहि यही समाप्त हुन्छ ।

**१५. माननीय सदस्यहरू,**

यस सभाबाट मिति २०७५।०६।२२ मा गठन भएको प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिका सदस्य माननीय कृष्ण राज सुबेदी प्रदेश सरकारको सामाजिक विकास मन्त्रीमा नियुक्त हुनु भएकोले उक्त समितिमा रहि रहन आवश्यक नभएकोले सो पदमा माननीय श्री विरमान चौधरीलाई मनोनयन गरेर समितिको संयोजक तोकेको छु । प्रदेश सभा नियमावली २०७४ संशोधन मस्यौदा समितिलाई ७ दिन भित्र कार्य सम्पन्न गरि प्रतिबेदन पेश गर्ने कार्यादेश प्रदान गरिएको जानकारी गराउँछु ।

**१६. माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल चैत्र १२ गते मंगलबार दिनको ०२:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।